# फोहोर सङ्कलन क्षेत्रमा सङ्कलन गरिने फोहोरहरू

# घर-घरमा गएर सङ्कलन गरिने सामानहरू

## ① जलाउन सकिने फोहोरहरू

हप्तामा दुई पटक

नगरद्वारा तोकिएको फोहोर फाल्ने झोलाको प्रयोग गर्नुहोस्।




डाँठको चौडाइ १० सेन्टिमिटर र लम्बाइ ५० सेन्टिमिटर भन्दा बढी हुनु हुँदैन।

### ■किसमहरू■

- ●भान्साका फोहोरहरू (बचेको बासी खाना, सिपी जस्ता काँचो खाद्य पदार्थ आदि।)
- ●कागजहरू काम नलाग्ने ●नरम खेलौना/ कुशन (ठूला आकारका चीजहरूलाई काँटेर टुक्रा पार्नुहोस्।)
- ●प्लास्टिक/ रबर/ भाइनल (स्टेरोफम, प्लास्टिकको झोला, रबरको जुत्ता, क्यासेट टेप, भिडियो टेप, सि.डी, डि.भी.डी, पोलिथिन झोला (१८ लिटर सम्मको)
- ●छालाका सामानहरू (जुत्ता/ झोला/ पेटी)
- ●काठका टुक्राहरू (रूखको हाँगा: चौडाइ १० से·मी· र लम्बाइ ५० से·मी भन्दा कम, बोर्ड: मोटाइ ५ से·मी·भन्दा कम र लम्बाइ ५० से·मी·भन्दा कम)
- ●डाइपर

### ■ध्यान दिनुपर्ने कुराहरू■

- ●तोकिएको झोलाको मुख बाँध्नुहोस्।
- ●खाना बनाउने तेल तथा सोय सस जस्ता तरल पदार्थलाई बट्टा वा बोतल सँगै नफाल्नुहोस्। तरल पदार्थलाई कागज वा कपडामा सोसाउने वा तेललाई जमाउने पदार्थ हाली जमाएर फाल्नुहोस्।
- ●सिट तथा बाथ टावल जस्ता काम नलाग्ने कपडालाई लम्बाइ-चौडाइ ५० से·मी·भन्दा कम साइजमा टुक्राएर, जलाउन सकिने फोहोरमा फाल्नुहोस्।
- ●भान्साका फोहोरहरूमा भएको पानी राम्रोसँग हटाएपछि मात्र फाल्नुहोस्।
- ●रुख बिरुवाका हाँगालाई झोलामा हाल्न नसकेमा डोरीले बाधेँर मुठो बनाउनुहोस्।
- ●आगलागि हुनबाट रोक्नको लागि आतसबाजी र सलाइलाई राम्रोसँग पानीमा भिजाइएपछि मात्र निकाल्नुहोस्। लाइटरमा हुने तरल पदार्थ खाली गर्नुहोस् र लाइटरलाई पानीमा भिजाइएपछि मात्र फाल्नको लागि निकाल्नुहोस्।
- ●डाइपर फाल्नको लागि निकाल्नु अगाडि दिसालाई शौचालयमा बगाउनुहोस्, अनि त्यसलाई प्लास्टिकमा हालेपछि तोकिएको झोलामा हालेर निकाल्नुहोस्।
- ●श्रेडर गरेको फोहोर र माइक्रोबिड (तकिया भित्रको चिजहरू आदि) लाई छरिनबाट रोक्नको लागि झोलामा हालेपछि, निर्दिष्ट झोलामा हालेर फाल्नको लागि निकाल्नुहोस्।

## ② जलाउन नसकिने फोहोर

महिनामा १ पटक

नगरद्वारा तोकिएको फोहोर फाल्ने झोलाको प्रयोग गर्नुहोस्।




ब्याट्रि तथा ट्युब लाइटलाई फोहोर जम्मा गरिने स्थानमा भिन्दा भिन्दै राख्नुहोस्। (तोकिएको झोलाको आवश्यक्ता छैन)



सेल ब्याट्री, बटन सेल ब्याट्री (मोडेल नम्बर CR, BR) (पारदर्शी झोलामा हाल्ने), ट्युब लाइट, मर्करीको प्रयोग भएका सामानहरू (पारदर्शी झोलामा हाल्ने) जलाउन नसकिने फोहोरबाट छुट्याएर निकाल्नुहोस् र फोहोर जम्मा गर्ने स्थानको छेउमा राख्नुहोस् ।

### ■किसमहरू■

- ●चाइनिज माटाका भाँडाहरू (चाइनिज कचौराहरू/ थालहरू / गमलाहरू)
- ●सिसाका सामानहरू (फुटेका बोतल/ सिसाको प्लेट/ गिलास/ फूलदानी/ ऐना आदि)
- ●चिम
- ●छाता
- ●खेलौना (धातु मिसिएका भागहरू भएमा)
- ●थर्मोमिटर
- ●धारिला वस्तुहरू ●सियो, थम-ट्याक र सेफ्टी रेजर
- ●तेलको भाँडो ●ट्युब लाइट ●सुख्खा ब्याट्रीहरू
- ●स-साना घरेलु बिद्युतिय वस्तुहरू (घरेलु बिद्युतिय वस्तु रिसाइकल कानून अनुसार छुट्याएर सङ्कलन बाकसमा राख्नुहोस्।)

त्यस बाहेकका सामानलाई नगरकार्यालयद्वारा तोकिएको झोलामा हालेर निकाल्नुहोस्।

### ■ध्यान दिनुपर्ने कुराहरू■

- ●तोकिएको झोलाको मुख बाँध्नुहोस्।
- ●जलाउन नसकिने, फोहोरको झोलामा नअट्ने कुनै पनि सामानलाई ठूलो आकारको फोहोरको रूपमा फाल्नुहोस् (छाता बाहेक)।
- ●ब्लेड वा फुटेका सिसाहरूलाई राम्रोसँग कागजले ढाक्नुहोस् वा बाक्लो टेपले बेर्नुहोस् र यिनीहरूमा "キケン"(खतरा) भनेर लेख्नुनुहोस्।
- ●ब्याट्रि, अग्नि नियन्त्रक, ग्यास सिलिन्डर, अक्सिजन सिलिन्डर आदि नगर कार्यालयले सङ्कलन गर्दैन। (फोहोर बिसर्जनका लागि विशेष स्थान तथा फोहोर बिसर्जनका लागि अनुमति प्राप्त व्यवसायीलाई सम्पर्क गर्नुहोस्।)
- ●बटन ब्याट्री तथा सानो चार्जेबल ब्याट्री (निकेल-क्याडियम ब्याट्री आदि)लाई त्यसको बिक्री गर्ने पसलमा लगेर बुझाउनुहोस्।
- ●उपचारको लागि प्रयोग गरिसकेको सुईलाई नगरको सङ्कलन स्थानमा ननिकाल्नुहोस्। (सङ्कलन गरिने) औषधी पसलमा लगेर बुझाउनुहोस्।


## ③ पुन: प्रयोग गर्न सकिने फोहोर / PET बोतल

हप्तामा १ पटक

खाली बोतल, खाली क्यान र प्रयोग भएका PET बोतलहरू एकै दिनमा सङ्कलन गरिन्छन्। तर यी छुट्टा छुट्टै (भाँडोमा) सङ्कलन गरिन्छन् भन्ने कुरा याद राख्नुहोस्।




पुन: प्रयोग गर्न सकिने फोहोरलाई सङ्कलन स्थानमा राखिने विशेष झोलामा हालेर निकाल्नुहोस्।




बिर्को हटाउन नबिर्सनुहोस्।
धातुको बिर्कोलाई सङ्कलन स्थानमा राखिएको खाली क्यान हाल्ने झोलामा हाल्नुहोस्।

### ■किसमहरू■

- ●खाली बोतलहरू (पेय पदार्थ/ खाद्य पदार्थ/ कस्मेटिक सामाग्रीको लागि बोतलहरू)
- ●खाली क्यानहरू (जुस/ क्यान फूड आदिका क्यानहरू)
- ●१८ लिटर सम्मको क्यानहरू (कुक्की/ मरमसला आदिका क्यानहरू)
- ●स्प्रे क्यान वा सानो ग्यासको सिलिन्डर फाल्ने बेला, अनिवार्य रूपमा भित्र भएको सबै ग्यास प्रयोग गरी, प्वाल नपारीकन फाल्नको लागि निकाल्नुहोस्।
- ●धातु (डेक्ची/ किल्ती/ फ्राइङ प्यान/ इनामेल प्रयोग भएका भाँडाहरू)
- ●बोतलका बिर्काेहरू (धातुबाट बनेका)
- ●तारका ह्याङगरहरू

### ■ध्यान दिनुपर्ने कुराहरू■

- ●सङ्कलन झोलामा प्लास्टिकको झोला आदि नहाल्नुहोस्।
- ●बोतलको भित्र पट्टि पानीले पखालेर निकाल्नुहोस्।
- ●फुटेका बोतलहरू, सिसाका थालहरू तथा ताप-प्रतिरोध सिसालाई, जलाउन नसकिने फोहोरको रूपमा निकाल्नुपर्छ।
- ●सियो र सेफ्टी रेजरलाई बाक्लो कागजले ढाकेर वा बाक्लो टेपले बेरेर मात्र जलाउन नसकिने फोहोरको रूपमा निकाल्नुहोस्।
- ●नङ पालिसको बोतललाई जलाउन नसकिने फोहोरको रूपमा निकाल्नुहोस्।
- ●खाली क्यानलाई नकुच्च्याईकन फाल्नको लागि निकाल्नुहोस्।



PET बोतललाई जालीवाला झोलामा हाल्नुहोस्।

- ●पेय पदार्थका लागि
- ●सोय ससका लागि
- ●मादक पदार्थको लागि
- ●भिनेगर आदिको लागि

बिर्को र बोतलमा टाँसिएको कागज निकाल्नुहोस्।




कुन किसिम भनेर चिनाउने चिन्ह (आइडेन्टिफिकेसन मार्क)




कुन किसिम भनेर चिनाउने चिन्ह (आइडेन्टिफिकेसन मार्क), पुन: प्रयोग गर्न सकिने PET बोतलमा टाँसिएको कागजमा वा बोतलको पींधमा हुन्छ।

### ■PET बोतल फाल्नको लागि कसरी निकाल्ने■

1. अनिवार्य रूपमा लेबल र बिर्को हटाउनुहोस्।
2. बोतल भित्र भएको वस्तु हटाएपछि बोतल भित्रपट्टि पानीले पखाल्ने।
3. कच्याककुचुक पार्ने (सकेसम्म सानो हुने गरि)।
4. फोहोर हाल्ने जालीवाला झोलामा PET बोतल हाल्नुहोस्।

### ■ध्यान दिनुपर्ने कुराहरू■

- ●हटाइएको लेबल, बिर्को, तथा तेलको भाँडो, लुगा धुने साबुन र वाटर सेभरको ट्याङ्कलाई जलाउन सकिने फोहोरको रूपमा निकाल्नुहोस्। (बिर्कोलाई बिक्रेता पसल तथा अन्य सङ्कलन केन्द्रमा गएर बुझाउन पनि सक्नुहुन्छ।)
- ●प्लास्टिकका बोतलहरू बाहेकका प्लास्टिकहरूलाई जलाउन सकिने फोहोरको रूपमा फाल्नको लागि निकाल्नुहोस्।
- ●PET बोतललाई जालीवाला झोलामा मात्र हाल्नुहोस्। प्लास्टिक झोला आदि नहाल्नुहोस्।
- ●PET बोतललाई सङ्कलन स्थानमा कच्याककुचुक नगर्नुहोस्।

## ④ पुन: प्रयोग गर्न सकिने फोहोर-२

हप्तामा १ पटक

कागजका वस्तुहरूलाई वर्गीकरण गरी तल सूचीबद्ध प्रत्येक वस्तु अनुसार बन्डल गर्नुहोस् र डोरीले दुबै साइडबाट एक फन्को घुमाएर बाँधी फाल्नको लागि निकाल्नुहोस्। पुरानो कपडा र कम्बललाई पारदर्शी वा अर्ध पारदर्शी झोलामा हालेर "古着 (पुरानो लुगा)" वा "毛布 (कम्बल)" भनेर लेखी फाल्नको लागि निकाल्नुहोस्।




### ■किसमहरू■

- ●अखबारपत्रिका (भित्र हालिएका पर्चाहरू समेत)
- ●पत्रिका (कापी वा पुस्तक जस्ता, पानाहरू जोडिएका सामानहरू सहित)
- ●कृपया अन्य किसिमका कागजी फोहोरहरू (बिस्कुट वा खाजाका बट्टा, पोस्टकार्ड, खाम, टिस्यु पेपरका बट्टा आदि)-लाई कागजको झोलामा राखि डोरीले बाँध्नुहोस्।
- ●कार्डबोर्ड (बाक्लो, बलियो कार्डबोर्ड)
- ●दुधका कागजी बट्टाहरू (एल्मिनियमको प्रयोग भएका बाहेक)●पुराना लुगाहरू (सबै किसिमका लगाउने कुराहरू)/ किमोनो (ओबी बाहेक (किमोनो लगाउँदा बाध्ने पटुका))
- ●ब्लाङ्केट

### ■ध्यान दिनुपर्ने कुराहरू■

- ●डुसी परेर बिग्रने सक्ने हुनाले, पानी परेमा पुरानो लुगा र ब्लाङ्केट नगरद्वारा सङ्कलन गरिन्छैन।
- ●पुन: प्रयोग गर्न सकिने फोहोर-२ पुराना लुगाहरू र ब्लाङ्केटहरू बाहेक, अरू पानी परेको दिनमा पनि सङ्कलन गरिन्छ, तर सम्भव भएसम्म घाम लागेको दिनमा निकाल्नुहोस्।
- ●प्रयोग भएका दुधका बट्टाहरूलाई पखालेर, काँटेर खोलीसकेपछि डोरीले बाँध्नुहोस्।
- ●बाँध्नको लागि धातु प्रयोग गरिएका कुराहरू (बाइन्डर, क्याटलग आदि) र भाइनल कोटिङ गरिएका कुराहरू जलाउन सकिने फोहोरमा पर्दछन्।
- ●कागज पत्रमा रहेको स्टेपलरको पिन नहटाए पनि हुन्छ।
- ●कागजको प्याकको पिउने ठाउँमा प्लास्टिक भएमा, प्लास्टिकको पिउने ठाउँ निकाली, मूल्यवान् वस्तुको रूपमा फाल्नको लागि निकाल्नुहोस्। निकालेको प्लास्टिकको पिउने ठाउँलाई जलाउने फोहोरको रूपमा फाल्नको लागि निकाल्नुहोस्। (यद्यपि, एल्युमिनियम कोटिङ गरेको कागजको प्याक भने जलाउने फोहोर हो।)

## ⑤ ठूला आकारका फोहोरहरू

सशुल्क सेवा/ टेलिफोन, फ्याक्स, इ-मेलद्वारा निवेदन दिनुहोस्।


सोदाइ गोमी उकेचुके सेन्टर (ठूला आकारका फोहोरहरू सङ्कलन केन्द्र)


फोन: ०४७-४५७-४१५३ FAX. ०४७-४५७-४२२१


- ●समय: सोमवारदेखि शुक्रवारसम्म (सार्वजनिक बिदाका दिनहरूमा बन्द हुनेछन्) बिहानको ९ बजेदेखि दिउँसोको ४ बजेसम्म।
- ●एक पटकमा ५ वटा सामानसम्म सङ्कलन गरिनेछ। दोस्रोपल्टको सङ्कलन न्यूनतम ७ दिन पछि मात्र हुनेछ।

※याद गर्नुहोस्, सोमवार र बिदाको भोलिपल्ट फोन व्यस्त हुन्छ।

ठूला आकारका फोहोर २ किसिमका हुन्छन्। १) ५० से · मी भन्दा लामो जलाउन सकिने फोहोरहरू, २) जलाउन नसकिने फोहोरहरू, जसलाई २० लिटरको जलाउन नसकिने झोलामा हाल्न सकिँदैन।

### ■किसिमहरू■




- ●२० लिटरको जलाउन नसकिने फोहोरको लागि झोलामा अट्ने भएमा जलाउन नसकिने फोहोरको रूपमा निकाल्न सकिनेछ। (गह्रुँगो सामान बाहेक)

※सङ्कलन गर्न सकिने सामान र सङ्कलन शुल्कको बारेमा ठूला आकारका फोहोरहरू सङ्कलन केन्द्रमा निश्चित गर्नुहोस्।

### 【ठूला आकारका फोहोरहरूको बिसर्जन शुल्क】

- •फोहोरहरूको प्रशोधन शुल्क "370 येन", "740 येन", "1,110 येन" र "1,480 येन" गरि 4 स्तरका छन् । शुल्क रकम अनुसार "370 येन" को प्रशोधन टिकटलाई आवश्यक संख्यामा खरिद गर्नुहोस् ।
- •नगदमा मात्र भुक्तानी लिइनेछ र प्रशोधन टिकटलाई पुनः नगदमा फिर्ता गरिने छैन ।
- ●प्रशोधन टिकटलाई देख्न सकिने ठाउँमा नउप्कने गरि टाँस्नुहोस् ।
- ●तपाईं आफैले ठूला आकारका फोहोर जलन केन्द्रमा लगेमा, बिसर्जन शुल्क नगदमा तिर्नुपर्नेछ।(प्रशोधन टिकटको प्रयोग गर्न सकिँदैन ।)
- ●सामाजिक संरक्षण पाइरहेको परिवारले, ठूला आकारका फोहोर बिसर्जन शुल्क तिर्नु पर्नेछैन। विस्तृत जानकारीको लागि ठूला आकारका फोहोर सङ्कलन केन्द्रमा सोधपुछ गर्नुहोस्।

### ■ठूला आकारका फोहोर बिसर्जन गर्ने तरिका■

① 「सोदाइ गोमी उकेचुके केन्द्र (ठूला आकारका फोहोर सङ्कलन केन्द्र) मा फोनमार्फत निवेदन दिनुहोस्। केन्द्रको स्टाफले तपाईंलाई शुल्क, सङ्कलन मिति तथा स्थानकाबारे जानकारी दिनुहुनेछ।

② 「कन्बिनी जस्ता पसलहरूबाट ठूला आकारका फोहोरमा टाँस्ने प्रोसेसिङ स्टिकर खरिद गर्नुहोस्। (नगदमा मात्र भुक्तानी लिइने)

③प्रोसेसिङ स्टिकरमा सङ्कलन गरिने मिति र आफ्नो नाम लेखी, ठूला आकारका फोहोरमा टाँस्नुहोस्। सङ्कलन गरिने दिन, बिहानको ८:३० सम्ममा तोकिएको स्थानमा लिएर जान नबिर्सनुहोस्।

※मान्सन वा अपार्टमेन्टको खण्डमा, ठूला आकारका फोहोर सङ्कलन स्थान, भवनको पहिलो तल्लाको मुलढोका बाहिर हो।

④फोहोर सङ्कलन ट्रकले यसलाई उठाउँनेछ। (तपाईं उपस्थित हुनु आवश्यक छैन।)

※हामी भवन भित्र पसेर ठूला फोहोर सङ्कलन गर्दैनौं।

※पानी परेको दिनमा पनि ठूला आकारका फोहोरको सङ्कलन गरिनेछ।




ठूला आकारका फोहोरमा टाँस्ने प्रोसेसिङ स्टिकर




- ●वृद्धा र शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग सेवा
- ■वृद्धा (६५ वर्षमाथिका) र शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई ठूला आकारका फोहोर घर भित्रबाट निकाल्न गाह्रो हुने अवस्थामा, स्टाफहरूले सहयोग गर्नेछन्।

(विस्तृत जानकारीको लागि ठूला फोहोर सङ्कलन केन्द्रमा सम्पर्क गर्नुहोस्।)